# प्रदेश सभा

## गण्डकी प्रदेश

## चौंथो अधिवेशन

## (बत्तिसौं बैठक)

## कार्यवाहीको सम्पूर्ण विवरण

## मिति : २०७६/०४/१९ गते, दिनको १.०० बजे

प्रदेश सभा, गण्डकी प्रदेशको चौथो अधिवेशनको आजको बैठकको कारवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीज्यूको अध्यक्षतामा १ बजेर ३२ मिनेटमा प्रारम्भ भयो ।

**माननीय सभामुखज्यू**

माननिय सदस्यहरु आजको बैठकको कारवाही प्रारम्भ हुन्छ ।
सर्वप्रथम शुन्य समय प्रारम्भ हुन्छ । शुन्य समयमा बोल्न चाहनुहुने माननीय सदस्यहरुको लागि १ मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समय भित्र माननीय सदस्यहरुले आ-आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु ।

सर्वप्रथम माननीय, श्री कोपीला बोहोरालाई बोल्ने समय दिन्छु ।

**मननीय कोपीला बोहोरा**

माननीय सभामुख ज्यू, जुन आज बाटो यहाँ देखि बाग्लुङ मुस्ताङमा बाटोको अवस्था बिजोग भएको अवस्था छ । यात्रु समयमा आउन नसक्नी समयमा उपचार गर्न नसक्ने अवस्था भएको हुँदा मैले सभामुख मार्फत गण्डकी प्रदेश ४ नं. प्रदेश सरकारलाई मैले जोडदार माग गर्नचाहन्छु । छिटोभन्दा छिटो यो बाटो होस् सबै यात्रुले सुख पाउन भन्ने चाहन्छु त्यसैमा धन्यवाद । जय नेपाल ।

**माननीय सभामुखज्यू**

माननीय श्री चिन्त बहादुर घले

## माननीय चिन्त बहादुर घले

माननीय सभामुख महोदय, मार्फत गण्डकी प्रदेश सरकारलाई यो ध्यानाकर्षण गराउन चाहन्छु । मैले पोहोर पनि ध्यानाकर्षण गराएकै हो । जस्तो की जिल्ला डिभिजन कार्यालय, शव डिभिजनको कार्यालय र केन्द्रबाट दिएको योजना चै हामी प्रदेशको सांसदले कसैले पनि था नपाउने मैले पहिले नै भनेको हो । त्यो योजना माथी जिल्लामा जादाँखेरी चै केन्द्र बाट आएको की केन्द्र बाट आएको त्यो अन्योल छ । त्यो चै सभामुख मार्फत चै सरकारलाई ध्यानाकर्षण गराइदिनु पऱ्यो । अझ यो बास्केटको बजेट भनौं की पोके बजेट भनौं यो एउटा गाउँपालिकामा एउटा युवा खेल मैदान भन्ने कार्यक्रममा मैले मागेको थियो यसपालि पनि मैले मुख्यमन्त्रीलाई दियो सम्बन्धित मन्त्रीलाई पनि दियो र सम्बन्धित मन्त्रीलाई मैले बारम्बार दिई राखेको छु । हुन्छ हुन्छ माननीय ज्यू सम्पर्क गर्छु भन्नु भएको थियो । तर यो त्यही सम्बन्धीत वडाध्यक्षको नेतृत्वमा आएर चै त्यो खेलकुद मन्त्रालयकै बजेट इतिति भनेर हाल्देछन् भनेर सुनेको छु । त्यो कतिसम्म सच्चा कुरा हो । मन्त्री ज्यू यहाँ आउनुभएको छैन । माननीय भन्दा वडाध्यक्ष नै ठुलो की के हो ? त्यो चै सभामुख मार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । धन्यवाद । जय नेपाल ।

## माननीय सभामुखज्यू

माननीय श्री प्रकाश चन्द्र दवाडी

## माननीय प्रकाश चन्द्र दवाडी

सभामुख महोदय, आज यो गोरखाको सिरानचोक भुसुने खोलामा करोडौं क्षति भएको छ । धनजनको त्यसको लेखाजोखा भएको छैन सभामुख महोदय त्यो तुरुन्तै सभामुख मार्फत सरकारलाई  ध्यान जाओस भन्न चाहन्छु । त्यस्तै गोरखा नगरपालिकाको ११ देखि ६ नम्बर वार्डमा धेरै घरहरु क्षेति ग्रस्थ छ । जोखिम छ त्यहाँको जनताको पीडा छ । तुरुन्तै सरकारलाई त्यसरी ध्यान जाओस् भन्न चाहन्छु । त्यस्तै एउटा अचम्मको घटना छ सभामुख महोदय गोरखा सुलिकोट गाउँपालिका वडा नं. ६ को ताकु भन्ने ठाउँमा एकलाल भट्टको मृत्यु भईसकेको र मृतक परिवार एकल महिला हुनुहुन्छ । एकल महिलालाई भएपनि त्यो घर चाही एउटा खौलो परेर त्यो घरै घासिएको छ ।

भुकम्प पछि बनाएको घर भास्सीएको छ । त्यो लगाएतका भट्टगाउँ भन्ने ठाउँमा जस्तै पुरुषोतम भट्ट लगाएतका १५ घर धुरीको विचल्ली भएको छ त्यसलाई तुरुन्त ध्यान जाओस् भन्न चाहन्छु धन्यवाद जय नेपाल ।

## माननीय सभामुखज्यू

माननीय सदस्यहरु, शुन्य समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यही समाप्त हुन्छ । माननीय सदस्यहरु, अब विशेष समय प्रारम्भ हुन्छ । निर्धारित समयभित्र माननीय सदस्यहरुले आ-आफ्नो स्थानबाट आ-आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु ।

**सर्वप्रथम माननीय सदस्य श्री दिपक कोइराला । समय १२ मिनेट ।**

सभामुख महोदय, सैनिक अदालतले ससत्र द्वन्द्वकालमा नेपाली सेनाबाट भागेको १३ वर्ष पछि पक्राउ गरी गोरखाका शति गुरुङलाई सरकारी सेवामा पुन अयोग्य हुने गरी १० वर्षको जेल सजाय फैसला गरेको छ । गुरुङ हतियार सहित २०६३ भाद्रमा भागेर तत्कालीन माहोवादी सेवामा लागेका थिए । यो समाचारको सम्पादित अंश हो । मैले साभार मात्रै गरेको हुँ मैले के भन्न खोजिरहेको छु भन्ने कुरा यति कुराले पनि धेरै अड्कल होला जस्तो मलाई लाग्दछ । नेपाली सेना प्रति कुनै पति आक्षेप लगाउने मेरो उद्देश्य होइन । नेपाली सेना गर्वका साथ आज पनि जनमुक्ती सेना र साहि नेपाली सेनाको समायोजनबाट बनाईएको नेपाली सेना हो । जनमुक्ती सेनाको निर्माण प्रकृया समायोजन सम्मको भूमिका मैले व्यक्तिगत रुपमा पनि निर्वाह गरेको छु र जनमुक्ती सेनाको व्रिगेडिएरको रुपमा म रिटायर भएर आएको हुँ । त्यसकारण मलाई आज पनि गर्व छ । नेपाली सेना शाही नेपाली सेना र तत्कालीन शाही नेपाली सेना र माहोवादी आन्दोलनमा स्थापितजनमुक्ती सेनाको समायोजनबाट जन्मीएको नेपाली सेना हो । शाही नेपाली सेना होइन र आज शाही नेपाली सेनाको पनि अस्तीत्व यो देशमा छैन र जनमुक्ती सेनाको पनि अस्तीत्व यो देशमा छैन । त्यो दुबैलाई मिलाएर १२ बुँदे सम्झौता गर्दै वृतित शान्ति सम्झौताको माध्ययमबाट हामीले त्यो कुरा हल गर्‍यौं र नयाँ परिस्थितिमा हामी आयौं । त्यो जगमा हामीले संविधान निर्माण गर्‍यौं गणतन्त्र, समानुपातिक समावेसीता, संघिएता जस्ता महत्वपूर्ण राजनैतिक

उद्देश्यहरु प्राप्त गर्‍यौ । र आज हामी संघियताको आधारमा निर्माण भएको प्रदेश सभामा हामीले जाहाँ जे छौं जुन जुन रुपमा छौं त्यो संघियताबाट प्राप्त भएको संरचनामा हामी उभिरहेका छौं । त्यसकारण मेरो अहिले पनि त्यो आसय होइन नेपाली सेना प्रति मेरो कुनै पनि त्यसलाई आक्षेप लगाउनु नेपाली सेनालाई कमजोर बनाउनु मेरो कुनै पनि आसय होइन, किनकी आजको नेपाली सेना निर्माृण गर्नको लागि मैलेपनि थोर बहुत पसिना र रगत बगाएको छु । शरिरमा गोलि बोकेर यहाँ उपस्थित भएको छु । तर मेरो कुरा मात्रै के हो भने यो समाचार पढीरहदाँ हामीले यो समाचारलाई कसरी बुझ्ने या यो घटना, परिघटनालाई हामीले कसरी बुझ्दछौं । भन्ने कुरा गम्भीर घटना हो ।

नेपाली सेना फेरी आज पनि शाही नेपाली सेना कायम भएको भए यो कुरा सही छ सैनिक अदालतले फैसला गर्ने कुरा र १० वर्ष जेल हाल्ने यो सैनिक ऐन अनुसार गर्ने कुरामा आजपनि विमति हुन सक्दैन तर आज शाही नेपाली सेना यो देशमा छैन । नेपाली सेना छ । त्यो गणतन्त्रको जगमा बनेको फेरी पनि म दोहोर्‍याएर भन्छु सम्माननीय सभामुख मार्फत फेरी पनि दोहोर्‍याएर भन्छु यो सभा मार्फत त्यो शाही नेपाली सेना हो । नेपाली सेना हो र जनमुक्ती सेना समेत सहभागी भएर बनेको नयाँ नेपाली सेना हो । तर आज गणतन्त्रका निमित्त आन्दोलन गर्नेहरु गणतन्त्रका निमित्त उसले विद्रोह गरेको हो शक्ति गुरुङको अपराध के हो भन्दा उसले राजतन्त्रका विरुद्ध जतिबेला देशमा गणतन्त्रको पक्षमा आन्दोलन भई रहेको थियो जतिबेला देशमा राजतन्त्रको विरुद्ध नयाँ व्यवस्थाका निमित्त आन्दोलन भईरहेको छ त्यो आन्दोलनलाई सहयोग गर्नु उसको अपराध हो । के त्यो आन्दोलनलाई सहयोग गर्नु उसको अपराध हो भने हामी सबै अपराधी हौं ? हामी यहाँ उभिएकाहरु के आधारमा हामी आएका हौं । आज जुन संरचना बनेको छ ।

आज जुन देशभरी राजनैतिक संरचनाहरु बनेका छन् ति संरचनाहरु के को आधारमा बने हामीले अपराध गरेको आधारमा बने यदि अपराधी शक्ति गुरुङ लाई अपराधि करार गरिन्छ र जेल पठाइन्छ भने त्यसपछिको नम्बर मेरो आउनुपर्दछ । दिपक कोइरालाई जेल हाल्ने हिक्मत छ भने बल्ल यो कुरा अगाडी बढोस् म यो कुरा च्यालेन्ज गर्न चाहान्छ यो सभा मार्फत कि गणतन्त्रका योद्धाहरुलाई जेल हाल्ने हो भने हामी सबै यो प्रदेश सभामा मात्रै होइन सिङ्गै देशका राजनैतिक यी सबै संरचनामा भएका माननीयदेखि सबै

पदाधिकारीहरु जेल जानु पर्ने अवस्था आउनेछ । त्यसकारण यदी देशका लागि तयार भएको हो ? त्यसको लागि यी कुराहरु अगाडी बढीरहेका छन् ? देशमा आज फेरी पनि नयाँ ढंगले विद्रोहहरु अगाडी आईरहेका छन् । के त्यो विद्रोहलाई यस्ता घटनाहरुले ति विद्रोहहरुलाई निरुत्शाहीत गर्ने र ति विद्रोहहरुलाई समेट्ने कुरालाई अगाडी बढाउन सक्दछ ? सक्दैन ? यी कुराहरुले अब के देखिन्छ भने हिजो नेपाली सेनाबाट तत्कालीन शाही सेनाबाट बाहिरिएकाहरु आज फेरी नयाँ ढंगले संगठित हुने खतरा उत्पन्न भएको छ यसले यो घटनाले १० वर्ष १२ वर्ष जेल जानु भन्दा बरु नयाँ ढंगले विद्रोह गर्ने खतरा पनि संगसँगै उठेको छ । खालि हिजो गणतन्त्रका आन्दोलनमा लागेकाहरुलाई जेल पठाउने कुरासँग मात्रै यो सम्बन्धीत छैन त्यसकारणले यो कुरा गम्भीरता पूर्वक आज जसरी आएको छ । यो जसरी आज नेपाली सेनाले यो फैसला गरेको छ र शक्ति गुरुङलाई जेल पठाउने निर्णय गरेको छ । म यसको घोर आपत्ती व्यक्त गर्न चाहन्छु । र मेरो यसमा गम्भीर आपत्ती मात्रै छैन के आजको परिवर्तनलाई आजको नेपाली समाजले स्वीकार गर्दछकी गर्दैन भन्ने कुराको गम्भिर प्रश्न हो यो आजको परिवर्तनलाई स्वीकार गरेर मात्रै नेपाली सेना भएको हो । त्यसकारण यस युग परिस्थितिलाई यदी स्विकार गर्न सक्दैनौ भने राष्ट्रिय सेना प्रति पनि गम्भीर प्रश्न चिन्ह खडा हुने अवस्था पैदा भएको छ । सभामुख महोदय, सभामुख मार्फत म यी कुराहरु राख्न चाहन्छु । फेरी पनि म दोहोऱ्याउन चाहन्छु । यस्ता घटनाहरु नघटुन र शक्ति गुरुङलाई तुरुन्त उनले एउटा गणतन्त्रको पक्षलाई आन्दोलन गरेर सम्मानित हुनुपर्ने बेलामा हामीले फेरी जेल पठाउने जे निर्णय गरेका छौं यसले सिङ्गै राजनैतिक परिवर्तन प्रति खतरा व्यक्त भएको छ । शक्ति गुरुङ एउटा पात्र होला तात्कालीन शाही सेनाबाट विद्रोह एउटा व्यक्ती होला तर यो सिंङ्गो व्यवस्था प्रतिको प्रश्न हो या सिङगो व्यवस्था प्रति खतरा हो । किनकी यहाँ गणतन्त्रको पक्षमा लड्नेहरु भोली विभिन्न मुद्दामा विभिन्न बाहानामा जेल हाल्दै जाने हो ।

सबैलाई यी राजनैतिक मुद्दाहरुलाई आपराधिकरण गर्दै जाने हो भने मैले सुरुमै भने हामी सबै अपराधी हुनेवालको लागि धेरै दिन पर्खन पर्ने छैन त्यसकारण यो राजनैतिक आन्दोलनमा विशेष परिस्थितिमा होला अरु सामान्य परिस्थितिमा हतियार सहित सेना वा कुनै पनि छोडेर जानु विद्रोह गर्नु वा त्यसको विरुद्ध बोल्नु त्यो अपराध होला त्यो म पनि मान्दछु किनभने म पनि एउटा सैनिक

पृष्ठभूमिबाट आएको र मलाई त्यो कुरो राम्रो संग थाहा छ । तर त्यो राजनैतिक आन्दोलनको क्रममा गएर सिङ्गै व्यवस्था परिवर्तन आन्दोलनको क्रममा जसका कारणले आज व्यवस्था परिवर्तन भएको छ । जसका कारणले आज संघीयता प्राप्त भएको छ । जसका कारणले आज देशमा राजतन्त्रको अन्त्य भएको छ । गणतन्त्रको स्थापीत भएको छ । समानुपातिक समावेसीताको स्थापीत भएको छ र नयाँ संविधान लेखेका छौं हामीले जसले आन्दोलन गरेर हामी नयाँ संविधान बनाएका छौं त्यो संविधानको कार्यान्वयन गर्दै छौं । भने त्यो गणतन्त्रका योद्धाहरुलाई यसरी निरुत्शाहीत गर्ने र गणतन्त्रका आन्दोलनमा लागेकाहरुलाई यसरी जेल पठाउदै जाने हो भने यो व्यवस्था प्रतिकै खतरा अगाडी आएको छ । त्यसकारण म सभामुख मार्फत यो कुरा राख्न चाहन्छु । की यो गम्भिरता पूर्वक यो कुरालाई लिइयोस यो कुरा जहाँबाट जसरी भए पनि फेरी पनि मेरो आसय त्यो होइन नेपाली सेनालाई निरुत्साहित गर्नु, नेपाली सेनालाई बद्नाम गर्नु, नेपाली सेनाका बारेमा बोल्नु, नेपाली सेनाका बारेमा बोल्नु पनि मलाई त्यति जायज जस्तो मलाई लाग्दैन तर त्यो घटना परिघटनाले त्यो कुरा पनि यहाँ वाध्य बनाईएको छ र बोल्नु पर्ने अवश्यकता पैदा भएको छ । त्यसकारण मात्रै मैले यो कुरा राख्दैछु र फेरी पनि म सभामुख मार्फत यो सभा मार्फत यति कुरा राख्न चाहन्छुकी गणतन्त्रको आन्दोलनको, राजतन्त्रको विरोधी आन्दोलनको एउटा विशेष परिस्थितिमा शक्ति गुरुङहरुले हतियार उठाएका हुन् र आन्दोलनमा सहभागि भएका हुन् । त्यसकारण जसरी राजनैतिक आन्दोलनका रुपमा वृहत शान्ती सम्झौतादेखि नयाँ संविधान सम्मले पनि त्यो कुरालाई स्वीकार गरेको छ । संविधानको प्रस्तावनामा त्यो कुरा स्वीकार गरीएको छ । संविधानको प्रस्तावनामा ससस्त्र जनयुद्धलाई जसरी परिभाषित गरिएको छ त्यसलाई राजनैतिक आन्दोलनको रुपमा परिभाषित गरिएको छ भने संविधान भन्दा माथि बसेर यसरी गणतन्त्रका योद्धाहरुलाई जेल पठाउदै जाने कुराहरु काँ सम्म जायज हुन सक्दछ । त्यस कारण यी घटनाहरु सामान्य रुपमा एउटा घटनाको रुपमा मात्रै होइन यसले सिंगो व्यवस्थालाई च्यालेन्ज गरेको छ ।

सिंगो व्यवस्थालाई च्यालेन्ज गरेको छ । सिंगो व्यवस्था र परिवर्तन राजनैतिक आजको परिवर्तन प्रति क्वइसन चिन्ह खडा गरेको छ । त्यसकारण यस्ता

घटनाहरु तुरुन्त रोकीनु पर्दछ । भन्ने कुरा म माननीय सभामुख मार्फत र यस सम्मानीत सभा मार्फत सम्बन्धीत पक्षको विशेष ध्यानाकर्षण गराउन चाहन्छु ।

धन्यवाद ।

## माननीय सभामुखज्यू

माननीय सदस्य श्री भागवत प्रकाश मल्ल । समय ४ मिनेट ।

## माननीय भागवत प्रकाश मल्ल

माननीय सभामुख महोदय स्याङ्जाको कालिगण्डकी गाउँपालिकामा पर्ने मिर्मि बिर्गा रानीहार सडक खण्डको सटुका रानीघाट खण्ड रानीघाटमा निर्माण सम्पन्नको अन्तिम चरणमा रहेको कालिगण्डकीमा निर्माणाधिन पक्कीपुल सम्पन्नको अन्तिम चरणमा रहँदा स्याङजा क्षेत्रमा जग भएको भागदेखि करिब ५० मिटर माथि सडक भासिएर करिब ५० मिटर क्षेत्र क्षतिग्रस्त हुँदा बाटो पुर्णरुपमा अवरुद्ध भएको छ जुन कालिगण्डकी गाउँपालिका वडा नं. ३ सटुकामा पर्दछ । पैदल यात्रीलाई आवात जावत गर्न असहज र जोखिमपूर्ण बनेको छ । पुल निर्माण क्रममा जग खन्ने कार्यबाट भएको असरले पहिरो खस्दै गएको र सडक भासिदै गएकोले तत्काल सडक सुचारु गर्नको लागि बैकल्पिक व्यवस्था गर्न माग गर्दछु । उक्त सडक आ.व. २०७२/७३ को आर्थिक वर्षदेखि केन्द्रीय योजानामा प्रस्तावित हाल आएर प्रदेश सरकारको जिम्मेवार रहेकोले उक्त सडक निर्माणाधिन रहेतापनि व्यवसायले प्रगति दिन सकेको छैन ।

त्यसैले तत्काल आवश्यक कार्य गर्न माग गर्दछु । पहिलो दिर्घकालिन रुपमा नियन्त्रण नगरिकन यातायात आगमनमा कठिनाई रहने हुँदा पहिरो नियन्त्रणको लागि समेत आवश्यक व्यवस्था गर्न माग गर्दछु । माननीय सभामुख महोदय, त्यस्तै मिर्मि ओइगा चण्डी भञ्याङ सडक खण्ड भिषण वर्षातको कारण अवरुद्ध छ । सोहि अवरुद्ध सडक खुलाउन माननीय सभामुख मार्फत सम्वन्धित पक्षलाई ध्यानाकर्षण गराउँछु । त्यस्तै सभामुख महोदय, ओइगा चण्डीभञ्ज्याङ् सडक खण्ड पक्की गर्ने काम सुरु भएदेखि बाटो विस्तार गर्ने क्रममा रहदै गर्दा त्यस क्षेत्रबाट केहि समय अगाडी आएको माटो पानीको लेदोबाट सहितको बाढीले कालिगण्डकी दुई बस्ती क्षती पुगेको थियो । अहिले

पनि ५ घर जोखिम तथा घरबाट विस्थापित रहेकोले सम्वन्धित परिवारलाई क्षतिपुर्ति र पहिरोको स्थायी समाधानका लागि उचित कदम चाल्न माग गर्दछु । त्यस्तै सभामुख महोदय यो सभाको यो रोष्टरमा हामीलाई असहज भएको छ । यो बोल्ने हो या यो सजाय दिएको हो त्यस्तो भएको छ । यो सबै फेर्नलाई माग गर्दछु । धन्यवाद जय नेपाल ।

**माननीय सभामुखज्यू**

माननीय सदस्य श्री धनन्जय दवाडी । समय १२ मिनेट ।

**माननीय धनन्जय दवाडी**

सभामुख महोदय, नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक हो । यो मुलुकमा मानव अधिकारको प्रत्याभूति रक्षा हुन्छ भन्ने कुराको प्रत्याभुति संविधानले नै गरेको छ । नेपाल सरकार बादी भएको अदालतबाट फैसला भएका धेरै मुद्दाहरु पुर्पक्षका लागि भएका धेरै मुद्दाहरुमा थुनामा कैदीहरुलाई पठाइने गरिन्छ । बन्दी कैदीहरुलाई राख्ने गरिन्छ । धेरै कारागारहरु जिर्ण छन्  र कैदी वन्दीहरुलाई दैनिक रुपमा ६० रुपैया र ७०० ग्राम चामल उपलव्ध गराईन्छ  सरकारबाट उपलव्ध गराइरहेको छ । कारागारलाई सुधार गृहको रुपमा हेर्ने, बुझ्ने र त्यो तदअसारको व्यवहार गर्ने प्रचलन विश्वमा बढ्दै आइरहेको छ । तर हाम्रा कारागारहरु सुधार गृह भन्दा थप यातना गृह जस्ता लाग्ने भएका छन् । कुनै पनि गैर कानुनी काम करवाहीमा परेको व्यक्तिलाई थुनामा राखेर सुधार गर्नुपर्ने पर्यत्न राज्यको तर्फबाट निरन्तर भइरहनु जरुरी पनि छ । तर त्यस्ता बन्दीहरुको जीवनयापन कस्तो छ कसरी जीवनयापन गरेको छ भनेर चासो राख्नु सरकारको दायित्व भित्र पर्दछ । सभामुख महोदय मनाङ जिल्ला यस्तो जिल्ला हो जो हिमाली जिल्लमा पर्दछ । मनाङ कारागारमा ७ जना कैदीबन्दी रहेका छन् । अदालतको आदेशबाट कैद भुक्तान गर्न पर्खिरहेको उनीहरु आफू कष्टकर जिवनयापन बिताउन वाध्य छन् । सरकारको तर्फबाट उपलव्ध गराइने ७०० ग्राम चामलले तिनलाई खान पुग्छ । तर उपलव्ध गराइएको ६० रुपैया पैसाले दैनिक गुजारा हुँदैन दैनिकी चल्दैन । त्यस तर्फ नेपाल सरकारको ध्यान जाओस् भन्ने म आग्रह गर्न चाहन्छु । मनाङको चामेमा जहाँ कारागार छ त्यहाँ सानो एक भारी दाउराको प्रतिभारी ३०० पर्छ । जसबाट २ छाक खाना पाक्दैन । १२ महिना चिसो हुने हुँदा पानी पिउने पानी तताउन नुहाउन सरसफाई गर्नका लागि

तातोपानीको आवश्यक उपयोग गर्नुपर्छ । यस कारणे गर्दा उपलब्ध गराइएका रकमका आधारमा दाउरा खरिद र इन्धन खरिद गरेर दैनिक गुजारा चलाउन सक्दैनन् । उनीहरुका त्यहाँ भित्र जे जति सिप सिकाएका छन् मुढा बुन्न, डोरी बनाउन, के गर्न सीप सिकाएका छन् त्यो सबै सिपहरु बजार पाउँदा पनि पाउँदैन । दुर्गममा छ टाढा पनि छ । त्यसको खरिद बिक्री पनि हुँदैन उनीहरुको अरु आम्दानी पनि हुँदैन । अनि बाहिरी जिल्लाबाट तरकारी जाने हुँदा न्यूनतम किलाको ४० रुपैया ५० रुपैयाँ तरकारी खरिद गर्नु पर्ने हुन्छ । यस्तो अवस्थामा तरकारी खानेकुरा पानी तताउने कुरा दैनिक जिवन विताउने कुरा असाध्य धेरै कष्टकर भाछ । मानव अधिकारको हिसावले पनि अत्यन्तै दुःखदायी कुरा हो । यसमा सरकारको ध्यान पुगोस भन्ने माग गर्न चाहन्छु । यसकारण प्रदेश सरकार, सभामुख महोदय यो सम्मानित सदन मार्फत प्रदेश सरकारका तर्फबाट मनाङ जिल्लाको कारागारलाई सुधार गर्नका निमित्त प्रयत्न चालियोस् । न्यूनतम पनि त्यहाँ विद्युत इलेक्ट्रिक्स उपकरणका माध्यमबाट पानी तताउने र पानी उपयोग गर्ने व्यवस्था गर्नका लागि सरकारको ध्यानाकर्षण गराउनको लागि पनि यो प्रस्ताव यो सम्मानीत समक्ष राखेको छु । उनीहरुको दनिकी जीवनलाई सहज बनाउनको लागि ध्यानाकर्षण बनाउन चाहन्छु । धन्यवाद ।

## माननीय सभामुखज्यू

माननीय सदस्य श्री विन्दुकुमार थापा । समय ६ मिनेट ।

## माननीय विन्दुकुमार थापा

माननीय सभामुख महोदय, पर्यटकीय नगरी पोखरामा विगत लामो समय देखि यात्रु मैत्री हुँदै आम उपभोक्तालाई सार्वजनिक सेवा दिँदै आएका सवारी साधनहरुलाई व्यवस्थित र मर्यादित बनाउन नेपाल सरकारले सार्वजनिक सवारी साधनमा वैज्ञानिक भाडादर निर्धारण गरी कार्यान्वयन गरेता पनि भाडाका कार ट्याक्सीको हकमा सुरुवाती भाडादर ज्यादै न्यून भएको देखिन्छ । पोखरामा चल्ने ट्याक्सीमा सुरुमा १४ रुपैया र प्रत्येक २०० मिटरमा ७ रुपैया ८० पैसाका दरले थपिदै जान्छ । यसमा सुरुवाती भाडा दर रु. १४ कै कारणले नजिक नजिकका ठाउँमा जान पनि ट्याक्सी मिटरमा नमानी रहेको अवस्था विद्यमान छ । यसले आम यात्रुहरुलाई असुविधा पुगेको देखिन्छ ।

सभामुख महोदय, ट्याक्सी व्यवसायीहरुको अनुसार पेट्रोलियम पदार्थको मुल्य बृद्धि, बैकको ब्याजदरमा भएको बृद्धि, बढ्दो महङ्गी ट्याक्सीको बर्गीकरण अनुसार भाडादर नहुनु समयानुकुल बृद्धि हुनुपर्ने भाडा समेत लामो समयसम्म पनि बृद्धि नहुँदा २४ सै घण्टा ट्याक्सी सेवा स्वदेशी तथा विदेशी पर्यटक र आम जनताहरुलाई सर्वसुलभ ट्याक्सी मिटरमा चल्न नपाएको देखिन्छ । अतः समय सापेक्ष भाडादर कायम गरी व्यवसायीहरु पनि बाँच्न सक्ने र आम उपभोक्तालाई मिटरमा चढ्न पाउने अधिकारको संरक्षण गर्न जरुरी देखिन्छ । गण्डकी प्रदेश सरकारले भौतिक पूर्वाधार तथा योजना मन्त्रालय अन्तर्गत गण्डकी प्रदेशको यातायात व्यवस्थापन अध्ययन कार्यदलको गठन पनि मिति २०७५ पौष २० मा गरिसकेको अवस्था पनि विद्यमान छ । नेपाल सरकारको तर्फबाट पनि मिति २०७२/१०/२० गते भौतिक पुर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयका सहसचिवको संयोजकत्वमा बसेको बैठकले समेत पेट्रोलियम पदार्थको मुल्य थपघट भएको अवस्थामा ७ दिन भित्र र अन्य अवस्थामा प्रत्येक श्रावण मसान्तभित्र भाडा समायोजन गर्ने गरी निर्णय गरेको पाइन्छ । र स्थानीय स्तरमा पोखरा महानगरपालिका र जिल्ला प्रशासन कार्यालय कास्कीले समेत मिति २०७४/१०/३ गतेका दिन यातायात व्यवस्था विभागलाई परिपत्र गरिसकेता पनि हालसम्म सुरुवाती भाडादर समायोजन नभएको परिप्रेक्ष्यमा गण्डकी प्रदेश सरकार र सरकार गठनसँगै यातायातसँग सम्वन्धित अधिकार प्रदेश सरकारमा आइसकेको हुँदा अधिकांश युरो थ्री मापदण्डका डिलक्स ट्याक्सी संचालनमा रहेको पोखरामा भाडाकै विषयमा र मिटरमा चल्न नमानेका कारण चालक र यात्रु बीच पटक पटक विवाद हुने गरेको र त्यो विवादको मुख्य कारण भाडाको समय सापेक्ष समायोजन नै रहेको हुँदा ट्याक्सी सेवालाई यात्रु मैत्री र पेशालाई मर्यादित गराउन चालकककको आचरण र व्यवहारमा पनि सुधार ल्याउन सभामुख मार्फत प्रदेश सरकारको ध्यान आकृष्ट गरी समयमा नै समस्याको समाधान गरी वातावरण सहज बनाउन हार्दिक अनुरोध गर्दछु । धन्यवाद, जय नेपाल ।

**माननीय सभामुखज्यू**

**माननीय सदस्य श्री प्यारी थापा । समय ५ मिनेट ।**

**माननीय प्यारी थापा**

माननीय सभामुख महोदय, सर्वप्रथम त लामो समयको अन्तरालमा शुन्य र विशेष समयको व्यवस्था आज भएकोमा धन्यवाद ज्ञापन गर्न चाहन्छु र जनताका तत्कालिन समस्यालाई यथोसम्मत सरकारको मातहतमा पुऱ्याउने यस्ता प्रकारका कार्यक्रमलाई सदा सर्वदा व्यवस्था गर्नको निमित्त पनि अनुरोध गर्न चाहन्छु । आजको विशेष समयमा हालसालै गरीएको जनप्रतिनिधीहरुको सेवा सुविधाको वृद्धिले जनमानसमा परेको तरङ्ग र यो सँग जोडिएको अर्को पार्टको विषयमा मैले यहाँ प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । जुन सर्वसाधारण प्रदेश वासी जनताहरुको रहेको छ । जनप्रतिनिधी र कर्मचारीहरुको सेवा सुविधामा व्यापक रुपमा वृद्धि त भयो अब प्रदेशवासीहरुको साझा समस्याको रुपमा रहेको अप्राकृतिक रुपमा दैनिक उपभोग्य वस्तुहरुमा भईरहको मुल्यवृद्धि र महङ्गी कहिले अन्त्य हुन्छ र कहिले घट्छ आज सर्वसाधारण जनताहरु मूल्य वृद्धि र महङ्गीको राफ र तापमा परिरहेका छन् खाद्यान्न लता कपडा आदि इत्यादिको मुल्यले जनताहरु प्रत्यादीत छन् सामान्य उदाहरणका निमित्त १०० रुपैयाँ लिएर पसलमा गयो भने १ केजी टमाटर पनि आउँदैन यस्तो प्रकारको अवस्था रहेको छ यसको यो मुल्य पनि उत्तीकै वृद्धि भएको छ ।

जस्तै मैदा, तेल यस्ता खाद्य पदार्थको मुल्यपनि अत्यन्तै रुपमा वृद्धि भईरहेको छ। म सरकारसँग प्रश्न गर्न चाहान्छु । यि मुल्यवृद्धिहरु कहिले घट्छ र साथै सरकारी अस्पतालहरुमा जनताले खेप्नु परेको मर्काको सुनुवाई कहिले हुन्छ । दिनभरी लाईन बस्नु पर्ने र भनेको जस्तो स्वास्थ्य उपचार सहज रुपमा नपाउनु जस्ता समस्याको समाधान अत्य कहिले हुन्छ ? सडकको अवस्था त्यस्तै छ । वर्खा याम छ पहिरोको जोखिम उत्तीकै छ । साथै कच्चीबाटोको कारण दुर्घटनाहरु उत्तीकै बढेको छ । यसको निराकरण कहिले हुन्छ । प्रदेश सरकार र प्रदेशवासीहरुले यसको निराकरणको अनुभूति कहिले गर्न पाउँछन् । म प्रश्न गर्न चाहन्छु र प्रदेश सरकारको त्यतातर्फ ध्यानाकर्षण गराउन चाहन्छु धन्यवाद ।

**माननीय सभामुखज्यू**

माननीय सदस्य श्री विष्णु प्रसाद लामिछाने । समय ५ मिनेट ।

**माननीय सदस्य श्री विष्णु प्रसाद लामिछाने**

सभामुख महोदय, हामी केही दिन अगाडी यस प्रदेशको सुदुरदक्षिणमा पर्ने त्रिवेणी बजारमा पुगेका थियौं । जुन विनय त्रिवेणी गाउँपालिका अन्तर्गत वडा नं. ६ र ७ पर्दछ । हामी त्यहाँ जाना साथ त्यहाँका जनताहरुले हामीलाई घेर्ने काम भयो । हिजो गण्डकी प्रदेशमा त्रिवेणी गण्डकी प्रदेशमा पर्दै गर्दा दिपावली मनाउने त्यहाँका जनताहरु झण्डै झण्डै कालो झण्डा लियर त्यतिबेला हामीलाई त्यो कालो झण्डा देखाउने परिस्थिति सिंजना भयो हिजो दिपावली गर्नेहरुले अहिले व्याकआउट गर्ने परिस्थिति सृजना भाको छ । कारण के हो भने अहिले पनि त्यो त्रिवेणीबाट जिल्लाको सदरमुकाम सम्म आउन पालिकाको सदरमुकाम आउनको लागि प्रदेश नं. ५ हुँदै त्यहाँबाट त्रिवेणीबाट वर्दघाट २५ किलोमिटर ५ नं. प्रदेशकै र त्यसपछि वर्दघाटबाट दुम्कीबास सम्म अरु १४-१५ किलोमिटर पार गरेर उहाँको चै आफ्नो गाउँपालिकाको सदरमुकाम आउनुपर्ने
परिस्थिति छ ।

हामीले त्यतिबेला उहाँहरुलाई एउटा आश्वासन दिएकै हौं । त्यतिबेला यो त्रिवेणीलाई हामीले गण्डकी प्रदेशमा ल्याउने काम गऱ्यौ । तलबाट बाटो सोझो बाटो पालिकाको कार्यालयमा आउनलाई सोझोबाटो निस्कीन्छ । त्यसकारण त्यो नाका पनि हुन्छ इण्डीया सित जोडिने त्यो नाका पनि हो भन्ने हिसाबले आश्वास्त पाऱ्यौं । उहाँहरु खुसी हुनुभयो साच्चै नै त्रिवेणीको विकास हुनेमा उहाँहरु चै दङ्ग पर्नु भयो । तर दुर्भाग्य अहिलेसम्म पनि प्रदेश सरकार बनेको यति समय भयो र यो प्रदेशको दक्षिण तिरको मुख्य नाका त्रिवेणी बजारमा केही गर्न नसकेको परिस्थिति छ ।

त्यसैले अब हामीले चाडैनै त्यहाँकोबाटो अब यतिबेला त्यहाँको राष्ट्रिय निकुञ्ज अथवा त्यहाँको मध्यवर्तिको कारणले अहिलेपनि हामीले त्यहाँको बाटो खोल्न सकेको  परिस्थिती छैन यदि हामीले गण्डकी प्रदेशले समयमै विचार पुऱ्याएर त्रिवेणीका जनतालाई सुविधा दिन नसक्नी हो भने हिजो गण्डकी प्रदेशमा तत्कालीन ४ नं. प्रदेशमा आउदाँखेरी जुन खुसियाली उहाँहरुले बाढ्नु भयो जुन दिपावली गर्नु भयो अब त्यहाँबाट यो गण्डकी प्रदेशबाट छुट्टीनको लागि पहल गर्न त्यत्तिकै उहाँहरुले कदम चाल्ने त्यहाँको जनताको भनाई आइराखेको छ । त्यहाँका जनताको त्यो मर्म बुझेर चाडैनै त्यो बाटो खेल्ने
प्रयास र त्रिवेणीलाई विशेष हाम्रो लागि त्रिवेणीको लागि गण्डकी प्रदेश भन्दा

पनि गण्डकी प्रदेशको लागि त्रिवेणी नाका अत्यन्तै महत्वपूर्ण भएको हुँदा त्रिवेणीको लागि विशेष व्वस्था विशेष कार्यक्रम विशेष योजना बनाएर त्यहाँको विकास निर्माण चाहे खानेपानी होस्, चाहे बाटोघाटो होस् चाहे विद्युत होस् जे चिज त्यहाँका समस्याहरु छन् एकिकृति रुपमा विकास योजना बनाएर हामी जान सक्यौं भने त्यहाँका जनताको मन जित्न सक्छौं होइन भने त्रिवेणी कुनै पनि बेला गण्डकी प्रदेशबाट हामी अलग हुन्छौं भनेर त्यहाँ आन्दोलन हुने परिस्थिति सृजना भएको छ ।

त्यसैले मेरो चै माननीय सभामुख ज्यू मार्फत प्रदेश सरकारलाई के अनुरोध छ भने ठीक छ । त्यहाँ राष्ट्रिय निकुञ्जको समस्या हो भने पनि विकल्प खोजौं टनेल हुन सक्छ अथवा जहाँसम्म त्यो निकुञ्जले समेटेको भु-भाग छ । त्यो भन्दा केही माथिबाट अलिकति घुमाउरो भएपनि त्यहाँबाट बाटो खोल्ने परिस्थिति हुन सक्छ । त्यसैले तत्कालै एकिकृत विकास योजना त्यो त्रिवेणीको लागि स्पेसल कार्यक्रमहरु लिएर जानी र त्यो बाटो खोल्ने परिस्थिति सृजना होस् अन्यथा त्रिवेणीको तिनै वितय त्रिवेणी वडा नं. ६ र ७ दुईटा मात्रै वडा छ । उहाँहरु गण्डकी प्रदेशबाट छुट्टीने परिस्थिति सृजना हुन्छ । हामीले त्यो परिस्थिति नआओस भन्नको लागि समयमै सोच्न माननीय सभामुख मार्फत प्रदेश सरकारलाई अनुरोध गर्दछु । धन्यवाद, जय नेपाल ।

**माननीय सभामुखज्यू**

माननीय सदस्य श्री राजिव पाहारी । समय १२ मिनेट ।

**माननीय सदस्य श्री राजिव पाहारी**

सभामुख महोदय, अहिले चारैतिर हपक्क गर्मी छ । गर्मि हुन्छ । साँझपख वातावरण शितल हुन्छ । अनि पोखेलीहरु पोखरा घुम्न आएका मानिसहरु टहलीन फेवाताल पुग्दछन् । तालको किनारामा रहेको ट्र्याकमा हिड्दा फुट ट्र्याकमा हिन्दा आनन्द हुन्छ । त्यहाँ केही कलाकारहरु बसेका हुन्छन् ति कलाकारहरुले त्यहाँ हिड्ने व्यक्तिहरुको पेन्सील र स्केजप्याडबाट उनीहरुको मुहार चित्र र स्केज बनाउने काम गर्छन् त्यस्तै गरी त्यही फेवातालको पनि १० वर्ष सम्म मुद्दा सर्दै सर्दै २०७५ साल बैशाख १६ गते सर्वोच्च अदालतका न्याधिस ओम प्रकास मिश्र र सपना मल्ल प्रधानको संयुक्त इजालसले स्थलगत टोली पठाई फेवातालको जग्गा अतिक्रमण बारे अध्ययन प्रतिवेदन पेश गर्न सरकारको नाउँमा आदेश जारी गर्‍यो ६५ मंसिर ५ मा त्यसको पुन पाठ तयार

भयो पौष २३ गते संघिय सरकारको माहान्याधिवक्ताको कार्यालयमा त्यो पुग्यो । ७५ माघ २ गते सर्वोच्चबाट प्रदेश सरकारमा त्यो निर्णय आयो ७५ माघ ९ गते प्रदेश स्तरिय मन्त्री परिषद्को निर्णयले त्यो समिति बनायो । त्यो समितिको अवधि ६ महिनाको थियो साउन २ गते सम्पन्न त्यो समितिको म्याद सिद्धिसकेको छ ।

त्यो सर्वोच्च अदालतको फैसलाको सबै भन्दा महत्वपूर्ण निर्णय भनेको फेवातालको संरक्षणमा हुन सक्ने थप जोखिमहरु न्यूनिकरण गर्न अपनाउनु पर्ने पूर्व सावधानी अन्तर्गत विश्वप्रकास लामिछानेको प्रतिवेदनमा उल्लेख भएको ४ किल्लाबाट कायम भएको तालको किनारबाट ६५ मिटर सम्मको भु-भागमा भवन लागयत तालको संरक्षणमा असर पर्ने कुनै भौतिक संरचना निर्माण गर्न नपाउने गरी संरक्षण क्षेत्र कायम गर्ने भनि कास्की जिल्ला परिषद्को मिति ६४/०३/१५ को तथा पोखरा उपत्यका नगर समितिको बोर्ड बैठकको मिति ६४/४/२८ को निर्णय भएकोमा प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय र ४ नं. प्रदेशको कार्यपालिका विच समन्वय कायम गरी अनाधिकृत रुपमा निर्माण भएका त्यस्ता घर होटल लगाएतका स्थाई वा अस्थाई संरचनाहरु ६ महिना भित्र हटाउने व्यवस्था गर्नु भनेर निर्णय गरेको थियो अर्थात सर्वोच्च अदालतले ६ महिना भित्र ३ वटा कामहरु गर्नु भनेर दिशा निर्देश गरेको थियो । एउटा तालको सिमाङ्कन गर्नु चार किल्ला कायम गर्न अर्को ६ महिना भित्र ६५ मिटर कामय राख्नु, अर्को त्यहाँभित्र रहेका अनाधिकृत रुपमा बनेका संरचना घर टहराहरु भत्काउनु, भनेर दिशा निर्देशन गरेको थियो । मैले त्यसको निम्ति संघ सरकारले के गर्ने प्रदेश सरकारले के गर्ने स्थानीय सरकारले के गर्ने भनेर जिम्मेवारी तोकको थियो तालको सिमाङ्कन गर्ने जिम्मेवारी संघ सरकारको थियो अस्थायी संरचनाहरु घर टहराहरु भत्काउने जिम्मेवारी प्रदेश सरकारको थियो । हामीले त्यो समितिमा रहेर केही महत्वपूर्ण कामहरु पनि गर्‍यौं जस्तै त्यो माथिल्लो तटीय क्षेत्रबाट भू-क्षय रोकथाम गर्नको निम्ति चेकड्याम सिल्ट्रेसन पोखरीहरु बनाउन चै भु-जलाधार संरक्षण कार्यालय तनहुँ मार्फत जुन गण्डकी प्रदेशै हेर्छ धेरै कामहरु भएका छन् महानगरपालिका स्तर चेकड्याम सिल्ट्रेसन पोखरी बनाउन त्यो प्रदेश सरकार र महानगरपालिकाले सहकार्य गरेर अगाडी बढ्ने कुरा पनि भएका छन् तर मुख्य कुरा जुन यो तिनओटाकामहरु हामीले जो गर्नुपर्ने थियो त्यसको निम्ती एउटा चै सर्वोच्च अदालतको फैसला कार्यान्वयन गर्नको निम्ती उच्च स्तरीय समिति बनेको थियो ।

त्यो स्तरीय समितिको सदस्य म पनि हुँ, म आज यो सम्मानित सभा मार्फत सदन मार्फत आम पोखेली जनताहरु, कस्केली जनताहरु जुन सर्वोच्च अदालतले फैसला गरेपछि अब तुरुन्त काम हुन्छ भनेर अत्यन्त आशावादी हुनु भएको थियो । त्यो तिन ओटा कामहरु हामीले छ महिना भित्र गर्नुपर्ने थियो । यो समितिको सदस्यको हिसाबले यी तिन ओटा कामहरु चाहे त्यो संघ सरकार वा अरुले गर्नु पर्दा हामीले कुनै सर्वोच्च अदालको फैसला कार्यान्वयन गर्ने उच्च स्तरीय समिति यो थियो । त्यहाँबाट परिणाममुखी गर्न नसकेकोमा म यो सम्मानित सभा मार्फत सम्पूर्ण जनता समक्ष माफ माग्न चाहन्छु । म चै क्षमा माग्न चाहन्छु । सभामुख महोदय, किनकी आखिरीमा जति पढेपनि त्यको परिणाम पास हुन सकिएन भने त्यो पढाईको अर्थ हुँदैन हामीले त्यो परिणाम चै जुन व्यवहारमा निकाल्नु पर्ने हो ।

यो फेवाताको हकमा यी कुराहरुमा हामीले निकाल्न सकेका छैनौं मैले यो विषयलाई गम्भीरता पूर्वक राख्न चाहन्छु । र कम्तीमा अब हामीले छिटो भन्दा छिटो यो विषयलाई चै तार्कीक निष्कर्षमा पुऱ्याउने ढंगबाट हामी अगाडी बढ्नु पर्छ किनभने अहिले हाम्रो मुलुकको सबैभन्दा ठुलो समस्या भनेको प्राकृतिक स्रोत साधनहरुको माथी व्यापक रुपमा अतिक्रमण हुने र दोहन हुने र चै सार्वजनिक सम्पत्तिहरुमाथि अतिक्रमण हुने काम चै व्यापक रुपमा बढ्दै गएको छ । यदि सर्वोच्च अदालतको फैसलालाइ हामीले चै कार्यान्वयन गर्न सकेनौं भने हामीले कसरी कानूनी राज्य स्थापना गर्न सक्छौं यो थर तर्फ हामी सबैले ध्यान दिउँ । अर्को कुरा दोस्रो कुरा यो अहिले गण्डकी प्रदेशको राजधानी पोखरामा  हामी छौं । पोखरा प्राकृतिक रुपमा अत्यन्त सुन्दर छ तर आज यहाँ राज्यका सरकारी कार्यालयहरुको विचमा समन्वय नभएको कायरणले धेरै समस्याहरु रहेका छन् ।

जस्तै सडकमा सडकविभागले बाटो बनाउछ । बनाएको १ महिना भित्र नपुग्दै खानेपानीले पायपलाईन विस्तार गर्ने भनेर फेरी बाटो भत्काउने काम गर्दछ । अनि अलिअलि टालटुल गर्दछ । टालटुल गरेर सिद्धिन पाएको छैन फेरी १५ दिन भित्र अर्को चै टेलीफोनको अफिसले टेलिफोनको लाईन विस्तार गर्ने भनेर फेरी भत्काउने काम गर्छ त्यसपछि फेरी विद्युतले गर्ने काम गर्छ अहिले यसको हामीले प्रत्येक्ष उदाहरण भनेको जिरो कि.मि. मा देख्न सक्छौं लेकसाईडमा जाने बाटाहरुमा हामीले देख्न सक्छौं । यसो भएर सरकारी कार्यालयहरु विचमा यथासम्भव सहकार्य र समन्वयका काहरु अगाडी बढाउने गरेर योजना बनाउने

काममा चै सम्बन्धीत निकायको सरकारको गम्भीरतापूर्वक ध्यान आकृष्टि होस् भन्ने म राख्न चाहन्छु र अन्तीममा म यो फेवातालकै प्रसङ्ग ल्याउन चाहन्छु । केही समय पहिला फेवातालको माथिल्लो तटिय क्षेत्रमा माटो निकालेर यो जलाधार क्षेत्र चै पुर्ने काम भैरहको थियो । पछि माननीय मुख्यमन्त्री सहित माननीय रामजी बराल म सहित गयर त्यसलाई रोक्ने काम गरियो अहिले म फेरी हिजो त्यो भन्दा माथिल्लो तटिय क्षेत्रको माथिल्लो भेग ओखलढुङ्गामा गएको थिएँ । फेरी ५०० मिटर माथी बाटो बनाउने नाममा माटो जम्मै खनेर त्यहाँ चै जलाधार संरक्षण क्षेत्र पुर्ने काम भैरहेको छ । यो तर्फ पनि म सरकारको गम्भिरतापूर्वक ध्यानाकर्षण गर्न चाहन्छु र यो जलाधार क्षेत्र जुन ढंगबाट पुर्ने काम भैरहको छ । यसलाई यथासंम्भव रोक्नको निम्ती नियन्त्रण गर्नको निम्ती म सरकारको ध्यानाकर्षण गर्न चाहन्छु । र अब अर्को अन्तिममा अहिले मुलुक संघिय लोकतान्त्रीक गणतन्त्रमा गएको छ । अघि दिपक माननीय ज्यूलेपनि  कुरा उठाई सक्नुभएको छ । अहिले यो जे जति उपलब्धी भएको छ । यो शान्ति पूर्ण राजनैतिक आन्दोलन र जनयुद्धको जगबाट यो हामीले उपलब्धी प्राप्त गरेका हौं । र यो उपलब्धी प्राप्त गर्नुमा पछाडी १२ बुँदे सम्झौताको महत्वपूर्ण भूमिका रहेको छ  तर आज हामी संघिय लोकतान्त्रीक गणतन्त्रमा मुलुक गइसक्दा पनि राजनैतिक अङ्गहरु किन लोकतान्त्रीक हुन सकेका छैनन् हिजो सेना शाही सेना थियो होला ।

त्यसमा राजसंस्थाको धेरै चै इन्फुलेन्स हुन्थ्यो होला । आज त्यो शाही सेना नेपाली सेना हुँदा खेरी पनि त्यो किन परिवर्तन हुन सकेको छैन । अब यस्तै गर्दा हीजो चै शान्तिपूर्ण जनआन्दोलनमा लागेका मानिसहरुलाई शशस्त्र जनयुद्धमा लाएका मानिसहरुलाई युवाको नाममा कारवाही गर्नु भनेको बुढी मोरी भन्ने होईन काल पल्क्यो भन्ने हो । यो महान परिवर्तनलाई यो ऐतिहाँसिक परिवर्तनलाई समाप्त पार्न खोज्नु हो । मुलुकलाई अध्यारो दिशा तर्फ अगाडी बढाउन खोज्नी काम हो । तसर्थ यस्ता कुराहरुमा पनि हामीले आज एउटालाई पर्ला भोली अर्कालाई पर्ला यो आयमा यो परिवर्तनलाई समाप्त पार्न खोज्ने कुरा हो । यो कुरा प्रति पनि सरकारको गम्भिरता पूर्वक ध्यानाकर्षण होस् । र जुन शक्ति गुरुङलाई जुन गिरफ्तार गर्दा चै उहाँलाई कारवाही गर्ने काम गरेको छ । उहाँलाई अभिलम्व रिहाई गर्नको निम्ती सम्मान जनक ढंगबाट रिहाई गर्नको निम्ती म सम्बन्धित निकाय सरकारको पनि ध्यानाकर्षण गर्न चाहन्छु । त्यसो हो भने त भोलि चै हिजो शाही सेना हुँदा खेरी उनले पनि

जनयुद्धको क्रममा शान्तिपूर्ण आन्दोलनको क्रममा धेरै मान्छेहरुलाई चै आक्रमण गर्ने काम भएको होलानी त सेनाको तर्फबाट राज्यको तर्फबाटनि सेना प्रहरीको तर्फबाट त्यो गर्दै जाँदा खेरी हामी काँ पुग्छौं । त्यसो भएर यो विषयलाई पनि म गम्भिरतापूर्वक यहाँ उठाउन चाहन्छु । यसको पनि चै ध्यान पुगोस म यही कुरा राख्दै विदा हुन्छु । धन्यवाद । नमस्कार ।

**माननीय सभामुखज्यू**

माननीय सदस्यहरु, विशेष समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यही समाप्त हुन्छ ।

अब म माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री हरी बहादुर चुमान ज्यूलाई गण्डकी विश्वविद्यालयको स्थापना व्यवस्थापन र संचालन गर्न बनेको विधेय संम्मानित सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री हरी बहादुर चुमान**

माननीय सभामुख महोदय, समृद्ध राष्ट्रनिर्माण गर्न जिवनउपयोगी मुल्य मान्यतामा आधारीत राष्ट्रियतथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम जनशक्ति तयार गर्न गुणस्तरीय शिक्षा प्रधान गर्ने उद्देश्यले गण्डकी विश्वविद्यालय स्थापना र संचालन गर्नु वाञ्छनीय देखिएको हुँदा प्रस्तुत गण्डकी विश्वविद्यालयको स्थापना व्यवस्थापन र संचालन गर्न बनेको विधेयक नेपालको संविधानको धारा १९८ को उपधार १ तथा गण्डकी प्रदेश प्रदेश सभा नियमावली २०७४ को नियम १०६ बमोजिम सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

**माननीय सभामुखज्यू**

**माननीय सदस्यहरु, अब यो बैठक २०७६ साल साउन २० गते दिनको १ बजे सम्मको लागि स्थगित हुन्छ ।**